## फोटो फोकस



**शिक्षासँग सीप**: त्रिपूरासुन्दरी गाउँपालिका- ६ टेकानपूरमा रहेको कालिका माविका कक्षा ६ देखि ८ सम्मका विद्यार्थीले हालै तरकारी प्रदर्शनी आयोजना गरेका छन् । प्रदर्शनीमा विद्यार्थीले आफैंले उत्पादन गरेका विभिन्न तरकारी प्रदर्शनीमा राखेका थिए ।

# अस्पताल सुधार गर्न निर्देशन

● सर्वपक्ष सम्वाददाता । काठमाण्डौ

स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहन बहादुर बस्नेतले शुक्रबार वीर अस्पतालको आकस्मिक निरीक्षण गरेका छन् ।

विश्व स्वास्थ्य संगठनको महासभामा भाग लिएर शुक्रबार बिहान काठमाडौं आइपुगेका मन्त्री बस्नेतले एक हप्ताभित्र बिरामीहरुले महसुस हुने र सुधार भएको देखिने गरी अस्पतालको सेवा सुविधा सुधार गर्न नेतृत्वलाई निर्देशन दिएका छन् । वीर अस्पतालको सेवा सुविधा नसुध्रेसम्म देशका अन्य स्वास्थ्य संस्थाको सेवा सुधार गर्न नसकिने बताउँदै मन्त्री बस्नेतले सबैभन्दा पहिले वीरको सेवा सुविधा सुधार हुनुपर्नेमा जोड दिए ।

वीरको सेवा सुधार्न हरेक चिकित्सकले इमान्दार प्रयास गर्नुपर्ने र त्यसका लागि आवश्यक सहयोग गर्न मन्त्रालय तयार रहेको मन्त्री बस्नेतको भनाइ छ । मन्त्री बस्नेतलाई चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका निमित्त उपकुलपति प्राडा भुपेन्द्र बस्नेत र वीर अस्पतालका निर्देशक डा.सन्तोष पौडेलले वीर अस्पतालले प्रदान गरिरहेका सेवा र सुविधाका विषयमा मन्त्री बस्नेतलाई जानकारी गराएका थिए ।

मन्त्री बस्नेतले वीर अस्पतालको टिकट काउन्टर, फार्मेसी, हेमोडाइलासिस, आईसियू, आकस्मिक कक्ष, जनरल वार्ड, ग्यास्ट्रो, उपकुलपति



कार्यालय लगायत वीर अस्पतालका महत्वपूर्ण विभागहरुको निरीक्षण गरेको मन्त्रीका प्रेस संयोजक रामचन्द्र दुलालले जानकारी दिए । मन्त्री बस्नेतले टिकट काउण्डरको भीड कम गर्न र सेवा सहज बनाउन अनलाइन मार्फत टिकट काट्ने व्यवस्था मिलाएर त्यसको जानकारी सर्वसाधारणलाई हुने गरी व्यवस्था गर्न निर्देशन दिएका छन् ।

त्यसैगरि अस्पतालमा रहेका बेड र आईसियू बेड खाली भए नभएको जानकारी वेभसाइटमा राख्न समेत मन्त्रीले निर्देशन दिएका छन् । वीर अस्पतालमा सञ्चालनको तयारीमा रहेको ९ बेड आईसियू एक हप्ताभित्रै सञ्चालनमा ल्याएर आईसियू बेड नपाएर भौतारिनुपर्ने अवस्थाको अन्त्य गर्न मन्त्री बस्नेतले निर्देशन दिए ।

देशभरि मिर्गौला फेल हुने बिरामीहरुको संख्या बढ्दै गइरहेकोले डाइलासिस गराउन आवश्यक पर्ने बेड संख्या थप्न, अस्पतालको सरसफाईमा ध्यान दिन र आकस्मिक कक्षमा बेडको संख्या थप्न पनि मन्त्रीले निर्देशन दिए । वीर अस्पतालमा कार्यरत चिकित्सक र स्वास्थ्यकर्मी ड्युटी समयमै निजी क्षेत्रका अस्पताल र क्लिनिकहरुमा जाने गरेको पाइएकाले ड्युटी समयमा अस्पताल छोडेर निजीमा जाने चिकित्सकलाई कारवाही गर्न वीरको नेतृत्वलाई निर्देशन दिए ।

न्याम्सका निमित्त उपकुलपति प्राडा बस्नेतले स्वास्थ्य मन्त्री बस्नेतको निर्देशन अनुसार अस्पतालको सेवामा देखिने गरि परिवर्तन गरिने बताए । निरीक्षण टोलीमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. रोशन पोखरेल, देवकुमारी गुरागाईं, अतिरिक्त सचिव डा. संगीता मिश्र र मन्त्रालयका अधिकारी थिए ।

## बलेफी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

**बलेफी औधोगिक ग्राम निर्माण तथा सञ्चालनका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धमा सार्वजनिक सुनुवाईको सूचना !**

(प्रथम पटक प्रकाशित मितिः २०८०/०२/१३)

बलेफी औधोगिक ग्राम निर्माण तथा सञ्चालन सम्बन्धि प्रारम्भिक वातावरणीय परीक्षणको सिलसिलामा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाई गरी प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनि स्थानीय तह, स्थानीय समुदाय, उपभोक्ता समुह तथा सरोकारवाला व्यक्ति तथा संस्थालाई सहभागी गराई राय सुझाव सङ्कलन गर्नु पर्ने भएकोले निम्नानुसारको मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई आयोजना गरिने भएको हुँदा सार्वजनिक सुनुवाईमा उपस्थित भई राय, सुझाव उपलब्ध गराउन सम्बद्ध सबैमा हार्दिक अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

मिति : २०८०/०२/२१
समय : विहान ११ बजे
स्थान : बलेफी गाउँपालिका वडा नं ३ को कार्यालय, बलेफी सिन्धुपाल्चोक

## याम-आयाम

**सेनको हत्यासम्बन्धी समाचार आएपछि गृहमन्त्रालयले यसबारेमा छानविन गर्न गुप्तचर उपप्रमुख श्रीपुरुष ढकाल (पछि लोकसेवा आयोग सदस्य) को नेतृत्वमा टिम बनाएको थियो ।**



किशोर श्रेष्ठ

# यसरी ब्रेक गरियो पत्रकार हत्याको समाचार

२०५९ साल जेठ अन्तिम साता । मंगलबार राती हामीलाई स्रोतले फोन गरेर साउतीको स्वरमा भन्यो- 'कृष्णलाई त मार्यो नि !'

'को कृष्ण ?', उसले डिटेलमा भन्न सकेन । संकटकालको बेला थियो-सेना, प्रहरी सबैले प्रेसलाई सताइराखेको अवस्था । दरबार हत्याकाण्ड भएर राजा ज्ञानेन्द्रले सत्ता लिएको बर्ष दिन पुग्दै थियो । हामीलाई यसरी सूचना दिने ब्यक्ति कृष्ण सेन मारिएको ठाँउका प्रत्यक्षदर्शीमध्येकै । फोन आएपछि यस विषयमा छलफल गर्यौं । तर कन्फ्युजन भयो । मारिएका ब्यक्तिको नाम कृष्ण मात्रै भनिएको थियो । जबकी पक्राउ परेका दुई जना थिए । कृष्णध्वज खड्का र कृष्ण सेन इच्छुक । हामीले यो हप्ता विस्तृत सूचना पाउन नसकेपछि समाचार लेखेनौं ।

अर्को हप्ता सोमबार फेरि फोन आयो । स्रोतले भन्यो- 'तपाईंहरू समाचार छाप्न डराउनु भएछ यार ।' हामीले भन्यौं, किन डराउनु र को कृष्ण हो, डिटेलमा भन्नु पर्यो नि !

उसले भन्यो- 'त्यो पत्रकार कृष्ण के त !'

यसपछि भने मारिने ब्यक्ति कृष्ण सेन इच्छुकनै रहेछन् भन्ने पक्का भयो । उनलाई जेठ ६ गते प्रहरीले पक्रिएको थियो । त्यो घटना थियो जेठ १३ गतेको । घटना के हो भनेर सोध्दा स्रोतले भन्यो- 'बसेर केरकार गर्दागर्दै ढल्यो । औषधी नियमित खानुपर्ने उसलाई मुटुको रोग पनि रहेछ । औषधी पनि खान नपाएको, अलिअलि गर्दागर्दै ढल्यो ।' कृष्ण सेनको हत्या हुँदा त्यहाँ को-को थिए ? यो प्रश्नमा स्रोतले भन्यो- 'तत्कालिन भ्याली डिआइजी अमरसिंह शाह, नगर प्रहरीका इन्चार्ज बिक्रमसिंह थापा र ज्याङ्गो ज्यान भएका इन्स्पेक्टर कमल खाँण । उनीहरूले नै कुटेर मारेका हुन् ।

अनि लाशलाई के गरे त ?

पिकअप गाडीमा हालेर लगे र विष्णुमतीतिर सेलाए । पोल्नुभन्दा पहिला इन्काउन्टरमा मारिएको भन्ने पार्नलाई छातीमा दुई वटा गोली हानेर मुचुल्का बनाए । स्रोतले यस्तो जानकारी दिएपछि हामीले ०५९ असार १२ गतेको जनआस्था साप्ताहिकमा 'कृष्ण सेन पशुपतिमा खरानी' शीर्षकमा अलविदा कृष्ण सेन भनेर लेख्यौं । कृष्ण सेन मेरा पनि साथी थिए । म पत्रकार महासंघमा महासचिव उठ्दाखेरि महेश्वर दाहाल केन्द्रीय सदस्यका उम्मेदवार । हामीबीच संयुक्त प्यानल बनाउँदा कृष्ण सेन पनि सँगै थिए । समाचार लेख्ने बेलामा मैले तत्कालिन भ्याली डिआइजीलाई पनि पुस्ट्याइँको निम्ति सोधें । उनले 'भाइ, लेख्नचाहिँ नलेख्नुहोस्, तर अलिअलि तीतोमिठो गर्दागर्दै गयो क्या' भने । अर्को हप्ता फलोअप स्टोरी गर्ने क्रममा फेरि पुरानो स्रोतलाई सोधियो, आखिर सेनलाई कसरी मारियो त ? स्रोतले भन्यो- 'तिनै डिआइजीले कृष्ण सेनलाई सोधे, ल भन् 'तँ ठकुरी, म पनि ठकुरी, राजा त झन ठकुरी, तैंले के ठानेको छस् र के गर्न सक्छस् ?' कृष्ण सेन त्यत्ति बोलिराखेका थिएनन्, उनी कमजोर थिए । त्यही क्रममा सानो कोठामा लगेर भाक्कभुक्क हिर्काउँदा हिर्काउँदै बितिहाले ।'

सेनको हत्यासम्बन्धी समाचार आएपछि गृहमन्त्रालयले यसबारेमा छानविन गर्न गुप्तचर उपप्रमुख श्रीपुरूष ढकाल (पछि लोकसेवा आयोग सदस्य) को नेतृत्वमा टिम बनाएको थियो । डा. हरिहर वस्तीले पोष्टमार्टम गरेको भन्ने उसको रिपोर्ट छ । मंगोलियन अनुहारको, यति उमेरको मान्छे गोकर्णको जंगलमा इन्काउन्टरमा मारिएको भन्ने निचोड छ उक्त आयोगको । कृष्ण सेनको समाचार लेखेपछि जनआस्थामाथि चर्को प्रहार भयो । त्यतिबेला देवेन्द्रराज कँडेल गृहराज्यमन्त्री थिए । शेरबहादुर देउवा प्रधानमन्त्री । हिरासतमा भएको मान्छेलाई कुटिकुटी मारेको समाचार ब्रेक गरिसकेपछि उनीहरूलाई कमिटी टु प्रोटेक्ट जर्नलिस्ट (CPJ) बाट चर्को दबाब आयो । पत्रकार गोपाल बुढाथोकीलाई त्यही बेला सेनाले अपहरण गर्यो, मैले पनि भागीभागी हिंड्नुपर्यो ।

तात्कालिन प्रधानसेनापति प्रज्वल समशेरको समाचार लेख्दा मलाई अफिसबाटै पक्राउ गरियो । उनीसँग र्याडिसन होटलको यौटा रिसेप्सनमा मेरो झगडै भयो, उनले तँलाई सुट गर्छुसम्म भने । मैले उनलाई 'तँ एक बर्षमा भूपू हुन्छस्, अवकाश पाएकै दिन तेरो बन्दुक थन्किन्छ तर म त आफूले चाहुन्जेल पत्रकारितामै हुन्छु, नमरून्जेल कलम मैसङ्ग हुन्छ' भनेरै थर्काएँ । पञ्चायतमा विमर्श साप्ताहिकबाट शासकहरूलाई जस्तो अप्ठयारो थियो, त्यो बेला जनआस्थाबाट पनि शासकहरू त्यसैगरी आत्तिएको अवस्था थियो । त्यसपछि राज्यसत्ताले अनेक अत्तो थापेर जनआस्थालाई बन्द गर्न के-के गर्दै गयो घटनाक्रम ताजै छन् ।

हार्दिक श्रद्धान्जली साथी कृष्ण सेन !

# बेकम्म प्रदेश संरचना...

तर, प्रदेश सरकार सधैं कर्मचारीको अभावमा पर्दछ । प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको आधार र मापदण्ड संघीय संसदले बनाएको कानूनअनुसार हुने व्यवस्थाअनुसार अहिले प्रदेश लोकसेवा गठनको काम अगाडि बढेको छ । तर, प्रदेश सरकार करारमा कर्मचारी थुपारेर बसेको छ ।

केन्द्रमा कर्मचारी थुप्रने प्रदेशमा करारमा कर्मचारी राख्ने यो कामले देशको खर्च बढ्नेबाहेक केही भएको छैन । स्थानीय तहको सेवा सञ्चालनका लागि अस्थायी दरबन्दी सिर्जना गर्न सकिने छैन । तर, प्रदेशले धमाधम अस्थायी कर्मचारी भर्ना गरिरहेका छन् । योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी बनाउनुपर्नेछ । नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी सो कार्यान्वयन गर्ने प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका र नगरपालिकाले सोही प्रक्रियाबमोजिम सो कार्यक्रम सञ्चालन गर्नुपर्दछ । (नेपाल प्रेसबाट)

**भिजन सिन्धु प्रा.लि.का लागि सीतादेवी श्रेष्ठद्वारा प्रकाशित । अध्यक्षः** सुरेश कसजू **। सल्लाहकार सम्पादकः** डम्बर रसिक भारती **। कार्यकारी सम्पादकः** सुन्दर शिरीष **। सम्पादकः** स्मृति दंगाल
**सम्वाददाताः** केशवप्रसाद अधिकारी, मेलम्ची प्रतिनिधिः असीम भारती **। डिजाईन :** शब्दालय पब्लिकेशन, ९८५१०९०४११, shabdalaya@gmail.com **। जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक द.नं.:** १४-०६१/६२
**कार्यालयः** चौतारा- ५, प्रेसचोक, सिन्धुपाल्चोक, नेपाल **। फोनः** ०११-६२००७१, ९८५११३५४० **। इमेलः** kasajusuresh@gmail.com **। वेवः** www.jugalkhabar.com **। मुद्रणः** सेवा अफसेट प्रेस, चौतारा